आज मिति २०७९ साल माघ महिनाको २४ गते विहान ८:०० बजे बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगाबहादुर तामाङज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका बिषयहरुमा छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री गंगा बहादुर तामाङ | अध्यक्ष |
| श्री सरु लामा तामाङ | उपाध्यक्ष |
| श्री देवीलाल सापकोटा | सदस्य- सचिव |
| श्री हुप बहादुर खड्का | अध्यक्ष १ नं वडा कार्यालय |
| श्री छविलाल न्यौपाने | अध्यक्ष २ नं वडा कार्यालय |
| श्री रितेश तामाङ | अध्यक्ष ३ नं वडा कार्यालय |
| श्री सुर्जे तामाङ | अध्यक्ष ४ नं वडा कार्यालय |
| श्री श्री यादव ठकुरी | अध्यक्ष ५ नं वडा कार्यालय |
| श्री तेज बहादुर पराजुली | अध्यक्ष ६ नं वडा कार्यालय |
| श्री गृबिन्द्र कुमार चौलागाई | अध्यक्ष ७ नं वडा कार्यालय |
| श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष ८ नं वडा कार्यालय |
| श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य |
| श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य |
| श्री रश्मी तामाङ | कार्यपालिका सदस्य |
| श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य |
| श्री देवकी भुजेल | कार्यपालिका सदस्य |
| श्री कविता काफ्ले | कार्यपालिका सदस्य |

**आमन्त्रित**

श्री सुकुलाल तामाङ (का. सहायक)

**प्रस्ताव**

Construction of 15 Bed Hospital at Jalbire PHC, Balephi RM – 1, Contract No.: BRM/NCB-HB-10/2077-78 को निर्माण कार्यको सम्झौता अवधि थप सम्बन्धमा

**निर्णय**

यस गाउापालिका र सोवर्ण निर्माण निर्माण सेवा बीच मिति : २०७८।०६।०४ मा Construction of 15 Bed Hospital at Jalbire PHC, Balephi RM – 1, Contract No.: BRM/NCB-HB-10/2077-78 को निर्माण कार्यको सम्झौता पश्चात निर्माण कार्य सुरु गर्न Layout गर्दा निर्माण स्थल एकीन हुन नसकी नापी कार्यालय मार्फत जग्गा एकीन गर्नुपर्ने अवस्था देखिएको, निर्माण स्थलमा रहेको अस्थायी भवन र सो स्थानमा अवस्थित फार्मेसी भवनको २ कोठा र शौचालय, विजुलीको पोल हटाउनु पर्ने र सो कार्य (Dismantling Work) सम्झौता

अनुसारको BOQ मा उल्लेख नभएको र पोल हटाउन नेपाल विद्युत प्राधिकरण सागं आवश्यक समन्वय गर्नु पर्ने कारणहरुले गर्दा समयमा निर्माण स्थल उपलब्ध हुन नसकी निर्माण कार्य सुरु हुन नसकेका, बलेफी गाउपालिका, १ नं वडा कार्यालय, जलविरे, सिन्धुपाल्चोकको मिति : २०७८।१०।२५ को पत्र मार्फत मिति : २०७८।१०।२४ मा निर्माण स्थल उपलब्ध गराएको पत्र प्राप्त भई माथि उल्लेखित BOQ मा उल्लेख नभएका कामहरुका लागि Variation स्वीकृतिका लागि अनुरोध भएकोमा मिति : २०७८।१२।१० गते मात्र Variation आदेश स्वीकृत भएको पत्र प्राप्त भई निर्माण कार्य सुरु भएको, सम्झौता अवधि देखि Variation आदेश स्वीकृत भएको समय सम्ममा निर्माण कार्यको ६ महिना समय व्यतित भएको र तत्पश्चात यस निर्माण सेवाले द्रुत गतिमा निर्माण कार्य सुरु गरी निर्माण कार्य सुचारु भई रहेकोमा, बजारमा निर्माण सामाग्री अभाव तथा २०७९ जेष्ठ महिना देखि मनसुन सक्रिय भई निर्माण स्थल पुग्ने पहुाचमार्ग सहज नभएको र उपरोक्त अवस्था निर्माण व्यवसायीको काबु भन्दा बाहिरको परिस्थिति भएको हुदा निर्माण कार्य स्थगित हुन गएको र २०७९ कात्तिक महिना पश्चात मात्र निर्माण कार्य पुन: सुचारु भएको कारण सम्झौता अनुसारको समयमा निर्माण कार्य सम्पन्न हुन नसक्ने हुदा निर्माण कार्य सम्पन्न गर्ने अन्तिम मितिबाट एक वर्ष म्याद थपको लागि अनुरोध गर्दछौं । साथै थप हुने म्याद भित्र सम्झौता अनुसारको सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं । साथै म्याद थपका लागि आवश्यक पर्ने बिमा तथा बैंक जमानतको म्याद थपको लागि पत्र लेखि दिनु हुन अनुरोध गर्दछौं **भनी उक्त निर्माण कम्पनीबाट लेखी आएकोले कानून बमोजिम हुने गरी तथा थप दायित्व नबढ्ने गरी म्याद सकिने मिति देखि बढीमा एक बर्षसम्म म्याद थप गर्ने निर्णय गरियो ।**

